# ज्वालामूखी गाउँपालिकाको

# आ.व. २०७९।०८० को वजेट बक्तव्य

ज्वालामूखी गाउँपालिकाको गाउँसभाको नवौं अधिवेशनका श्रद्धेय अध्यक्ष ज्यू, उपस्थित प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु भएका सबै पेशा, वर्ग, सेवा र समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म ज्वालामुखि गाउँपालिकाको जन निर्वाचित उपाध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एंवम आभार व्यक्त गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

यस गाउँपालिकाको गरिमामय सभामा म आ.ब. २०७९/०८० को बजेट प्रस्तुत गर्न उभिएको छु । २००७ साल र त्यस पछिका विभिन्न कालखण्डमा लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्र प्राप्ती तथा रक्षाका लागि भए गरेका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पूर्णमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण मृत्यु भएका प्रति हार्दिक समवेदना व्यक्त गर्दै, यसबाट संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण विभिन्न क्षेत्रमा पर्न गएको असरलाई न्यूनिकरण गर्दै आम जनमानसको जीवन रक्षा गरि जनजीवनलाइ पूर्ववत रुपमा पुऱ्याउन सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनितिक दल, नागरिक समाज, संघ संस्था र आम नागरिकको साथ सहयोग रहनेछ भन्ने दृढ विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मैले मुलतः सम्मानित सभाले पारित गरेको नीति तथा कार्यक्रम, आबधिक योजना,संघीय सरकारको दिगो विकास लक्ष्यलाई आधार बनाएको छु । बजेट तर्जुमाको शिलशिलामा विषयगत समिति, राजश्व परामर्श समिति र विभिन्न संघ संस्था एवंम विद्धत वर्ग लगायत सबैबाट प्राप्त सुझाबलाई समेत ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०७९/०८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) Covid लगायत सबै प्रकारका रोग र विपतबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवन सहज र सुरक्षित गराउने ।

(ख) उपलब्ध साधन स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरि सामाजिक, आर्थिक र भौतिक विकास मार्फत समृद्ध ज्वालामूखी निर्माण गर्ने ।

(ग) सामाजिक समावेशिकरणको माध्यम बाट सबै वर्ग क्षेत्र लिङ्ग तथा समुदायको गाउँपालिकाबाट हुने सम्पुर्ण क्रियाकलापमा समान पहुँचको अवसर प्रदान गर्दै गाउँपालिका प्रतिको विश्वाशमा अभिवृद्धि गरि अपनत्व बोध गराउने ।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्य हासिल गर्न मैले देहायअनुसारका प्राथमिकता निर्धारण गरेको छु ।

- Covid लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउने, स्वास्थ्य सेवाको दायरा विस्तार र स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती ।

- नागरिकका लागि काम र रोजगारीको अबसर,सामाजिक सुरक्षा र संरक्षण ।
- गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभुत खानेपानी लगायत सामाजिक आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको लागि विनियोजित योजना तथा कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**शिक्षा क्षेत्र :-**

- गुणस्तरीय शिक्षाको व्यबस्था गर्न शिक्षक व्यवस्थापन तथा शैक्षिक सुधारको लागि **रु २८ लाख** विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको गुणस्तर वृद्धि गर्न विद्यालय समायोजन विषेश कार्यक्रम संचालन गर्न **रु ३०** लाख, स्थानीय पाठ्यक्रम निर्माण साथै पञ्च बर्षिय शिक्षा योजना निर्माण गर्न रु. **१२ लाख,** MGML कार्यक्रमको लागि **रु. १६ लाख,** वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको प्रोत्साहनको लागि **रु. ४२ लाख ५ हजार ५ सय,** +2 अध्ययनरत विधवा महिला/दलित/अपांग/सिमान्तकृत तथा पछाडी परिएका विद्यार्थिहरुको छात्रबृद्धिको लागि **रु.**

**३ लाख** साथै शिक्षा शाखा मार्फत हुने गरेका काममा सहजता ल्याउन **रु. ३० लाख** विनियोजन गरेको छु ।

**स्वास्थ्य क्षेत्र :-**

- स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बिस्तार तथा स्वास्थ्य सेवालाइ सहज र सरल पार्न निशुल्क औषधी वितरणका साथै ल्याव संचालनको लागि **रु १९ लाख,** आयुर्वेद सेवा विस्तारको लागि **रु. ६ लाख,** एक वडा एक स्वास्थ्य कर्मी कार्यक्रमको लागि **रु. १३ लाख ६५ हजार** र स्वास्थ्य सिविर संचालनको लागि **रु. ४ लाख** विनियोजन गरेको छु ।
- घरमा सुत्केरी हुने कार्य शुन्य बनाउनको लागि गर्भवती तथा सुत्केरी महिलाको लागि निशुल्क एम्वुलेन्स सेवा तथा पोषण प्रोत्साहन कार्यक्रमको लागि **रु. ८ लाख** विनियोजन गरेको छु ।
- स्वास्थ्य स्वयम् सेविकाहरुलाइ प्रोत्साहित गर्न विमा कार्यक्रमको लागि रु. **५ लाख** र ३५ दिन भित्र वडा कार्यलयमा जन्म दर्ता गर्ने छोरीहरुको लागि विमा कार्यक्रम संचालन गर्न रु. १३ **लाख** विनियोजन गरेको छु ।
- **" स्वच्छ वातावरण स्वस्थ्य जीवन "** निर्माण का लागि पुर्ण सरसफाई कार्यक्रम संचालनार्थ **रु १० लाख** विनियोजन गरेको छु ।
- स्वास्थ्य शाखा मार्फत विविध स्वास्थ्य कार्यक्रम संचालनको लागि **रु. ८ लाख** विनियोजन गरेको छु ।

**कृषि क्षेत्र :-**

- कृषि क्षेत्रको प्रवद्धन गरी आत्मनिर्भर बनाउने उद्देश्यले उन्नत जातको विउ विजन वितरण तथा किसानका लागि टनेल प्लाष्टिक वितरण गर्न **रु. ३२** लाख र एक वडा एक कृषि/पशु प्राविधिक कर्मचारी व्यवस्थापनको लागि **रु. ५ लाख ५०** हजार विनियोजन गरेको छु ।

**पशु विकाश तर्फ :-**

- कृषकहरुलाइ पशुपालन तर्फ आकर्षित गर्न पशु विमा कार्यक्रम संचालनार्थ **रु. २५ लाख** साथै पशु सेवा कार्यक्रम संचालनका लागि **रु १२ लाख** विनियोजन गरेको छु ।

**सहकारी संस्था तर्फ**

- कृषि सहकारीहरुको एकिकरण साथै साना किसानलाइ सहयोग पुर्याउने उद्धेश्यले साझेदारीमा कृषि कार्यक्रम संचालन गर्न **रु. १० लाख** विनियोजन गरेको छु ।

**उद्यमशिलता तर्फ**

- युवाहरुलाइ आत्मनिर्भर वनाउन उत्पादन मुलक व्यवसायिक तालिम संचालनार्थ **रु. ७ लाख** विनियोजन गरेको छु ।

युवा तथा खेलकुद

- खेलकुदको माध्यमवाट युवाहरुलाइ शारिरिक तथा मानसिक रुपले तन्दुरुस्त वनाउनको लागि विविध खेलकुद कार्यक्रम संचालन गर्न **रु. १६ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिकालाइ लागु औषध दुर्व्यसन मुक्त क्षेत्र निर्माण तथा लागु औषध दुर्व्यसन नियन्त्रण सचेतना कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

**सामाजिक समावेशिकरण तर्फ :-**

- सामाजिक, आर्थिक रुपले पछाडी पारिएका वा परेका समुदाय वा व्यक्तिको सवलिकरणको लागि लक्षित वर्ग कार्यक्रम संचालनार्थ **रु. ५६ लाख** विनियोजन गरेको छु ।
- हिंसा पिडित महिला तथा वालवालिकाको संरक्षणा र राहतको लागि उद्दार कोष संचालन गर्न **रु. ५ लाख** विनियोजन गरेको छु ।

**सामाजिक न्याय तर्फ :-**

- न्यायमा सबै वर्ग , क्षेत्र तथा समुदायको पहुँचको सुनिश्चितता तथा न्यायपूर्ण समाज निर्माण का लागि न्यायीक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापनको लागि **रु १८ लाख** विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन तर्फ :-**

- प्राकृतिक प्रकोपका कारण सृजित क्रियाकलापवाट प्रभावित आम जनताको लागि राहत उपलव्ध गराउने उद्देश्यले विपद् व्यवस्थापन कोष संचालनको लागि रु. १८ लाख विनियोजन गरेको छु ।

**संस्कृति तथा पर्यटन तर्फ :-**

- गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको विकास तथा संरक्षण साथै संस्कृतिको जगेर्ना गर्नको लागि रु. ४७ लाख विनियोजन गरेको छु ।

**अन्य सामाजिक क्षेत्र :-**

- शान्ति सुरक्षा तथा अन्य सामाजिक उत्तरदायित्य पुरा गर्न प्रहरी चौकी साधभञ्ज्याङ र प्रहरी चौकी मैदी को व्यवस्थापनका लागि **रु ५ लाख**, रक्तसंचार कोष स्थापनार्थ रेडक्रस धादिङ का लागि **रु ५ लाख,** साथै स्वर्गिय पत्रकार राजेन्द्र प्रताप शाहको स्मृतिमा कोष संचालनको लागि **रु. ५ लाख** विनियोजन गरेको छु ।

**सुशासन तथा राष्ट्रसेवक कर्मचारी तर्फ :-**

- सबै क्षेत्र साथै सम्पूर्ण प्रशासनिक कार्यको विषयमा जानकारी गराउने उद्देश्यले अध्ययन अवलोकन भ्रमण लगाएत अन्य प्रशासनीक कार्यको लागि रु. १३ लाख विनियोजन गरेको छु ।

- कर्मचारीहरुको काम प्रतिको उत्साहलाई कायम राख्न, कर्मचारी को मनोवल उच्च पार्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले गाउपालिकाको कार्यालयका साथै अन्य विषयगत शाखामा कार्यरत अस्थायी/करार सेवाका कर्मचारीको सेवा निवृत्त जीवनलाई सहज बनाउन कर्मचारी कल्याण कोषमा रहने गरी **रु १० लाख** विनियोजन गरेको छु ।
- कार्यालय व्यवस्थापन तथा कर्मचारीको तलव भत्ता साथै निर्वाचित पदाधिकारीहरुको सेवा सुविधाका लागि **रु ११ करोड ३ लाख** विनियोजन गरेको छु ।

**भौतिक पुर्वाधार क्षेत्र :-**

- गाउँपालिका क्षेत्र भित्रका मुख्य चार वटा सडकहरु स्तरोन्नती गरी यातायात पूर्वाधारलाइ सहज बनाउनको लागि ससाह अमराई सडक स्तरोन्नती को लागि **रु ३० लाख** साथै गाउँपालिका क्षेत्रभित्रका मुख्य सडकहरु लाइ बाह्रै महिना सुचारु गर्नको लागि मर्मत सम्भार कोष खडा गर्नको लागि रु. ५० लाख विनियोजन गरेको छु ।
- आम नागरिकलाई खानेपानीमा सहज पहुँच पुर्याउने उद्देश्यका साथ गाउँपालिका क्षेत्रभित्रका लिफ्टिङ तथा डिपवोरिङ्ग खानेपानीको TOT मिटरमा रेकर्ड भए अनुसारको विद्युत महशुल गाउँपालिका बाटै भुक्तानीको लागि **रु २५ लाख** विनियोजन गरेको छु ।
- सेवा प्रवाहलाई सरल र सहज बनाउन वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको लागि **रु ५० लाख** विनियोजन गरेको छु ।
- गाउँपालिका क्षत्रेभित्र आम नागरिकलाइ सुरक्षाको प्रत्याभुती होस् भन्ने उद्देश्यले वजार क्षेत्र सडक सोलार वत्ती व्यवस्थापनको लागि **रु. ९ लाख** विनियोजन गरेको छु ।
- समानुपातिक तथा समन्यायिक तवरले विकास क्रियाकलापलाई अगाडी बढाउने उद्देश्यका साथ वडाहरुबाट संचालन हुने  योजनाहरुको लागि वडागत रुपमा विनियोजन गर्ने गरि वडा नं १ को लागि **रु. ५५ लाख,** वडा नं २ को लागि **रु. ५५ लाख,** वडा नं ३ को लागि **रु. ५५ लाख**, वडा नं ४ को लागि **रु. ७० लाख**, वडा नं ५ को लागि रु. ७० **लाख**, वडा नं ६ को लागि **रु. ५५** लाख, वडा नं ७ को लागि **रु. ५५ लाख** साथै गाउँपालिकाबाट संचालन हुने योजनाहरुको लागि एकमुष्ठ **रु. ६ करोड** ६४ **लाख** विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाले वडागत रुपमा विनियोजन गरेको योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**गाउँपालिकाले वडागत रुपमा विनियोजन गरेको योजना तथा कार्यक्रमहरु**

| वडा नं. १ |
|---|

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | रकम | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| | **सामाजिक विकास** | | | |
| १ | पिपलटार आ.वि. घेरा तारबार | १ | ३००००० | तीन लाख |
| २ | बुढिगण्डकी आ.वि. घेराबार र शौचालय निर्माण | १ | ४००००० | चार लाख |
| ३ | कट्टुसे खानेपानी ट्याङ्की निर्माण | १ | ५००००० | पाँच लाख |
| ४ | काफलस्वारा शिव मन्दिर निर्माण | १ | ३००००० | तीन लाख |
| ५ | द्वारथोक कालिका मन्दिर पुन निर्माण साथै हेली प्याड ट्रस निर्माण | १ | ४००००० | चार लाख |
| ६ | छाँप गाउँ खानेपानी योजना | १ | ५००००० | पाँच लाख |
| ७ | आमडाँडा खानेपानी | १ | २५०००० | दुइ लाख पचास हजार |
| ८ | जुगेपानी खानेपानी योजना ट्याङ्की निर्माण /क्रियाघर, कुदवार दलित वस्ती | १ | २००००० | दुइ दाख |
| ९ | चिसो पानी खानेपानी योजना | १ | ३००००० | तीन लाख |
| १० | पहरे खोला पिपलटार खानेपानी योजना | १ | २००००० | दुइ दाख |
| ११ | अपाङ्ग विकास सिलाइ मेसिन | १ | ३००००० | तीन लाख |
| १२ | पिपलटार चौतारो निर्माण | १ | १५०००० | एक लाख पचास हजार |
| | **पूर्वाधार विकास** | | | |
| १ | उल्टीटार सिंचाइ योजना मजुवा | १ | २००००० | दुइ दाख |
| २ | जोगेटार नहर मर्मत योजना | १ | ३००००० | तीन लाख |
| ३ | पुजारी गौडा दमाइगाउँ सडक स्तरोन्नती | १ | ४००००० | चार लाख |
| ४ | आप्लाडाँडा अधेरी सडक मर्मत | १ | २५०००० | दुइ लाख पचास हजार |

| | | | | |
|---|---|---|---|---|
| ५ | जोखेडाँडा अधेरी सडक | १ | २००००० | दुइ लाख |
| ६ | साउने खेत कुलो मर्मत तथा एच.डि.पि. खरिद | १ | १००००० | एक लाख |
| ७ | बरभञ्याङ मुखिया टोल सडक मर्मत | १ | १००००० | एक लाख |
| ८ | दारेगौंडा प्रतिक्षालय | १ | २००००० | दुइ लाख |
| | **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| १ | कोरकोरे बस्ती संरक्षण योजना | १ | ५००००० | पाँच लाख |
| २ | छाँपथोक कमेरे खोला बस्ती संरक्षण योजना | १ | ३००००० | तीन लाख |
| ३ | अधिकारी गाउँ पहिरो नियन्त्रण | १ | ३५०००० | तीन लाख पचास हजार |
| ४ | सेलागुड पहिरो नियन्त्रण | १ | २००००० | दुइ लाख |
| | **जम्मा** | | ६९००००० | **उनान्सत्तरी लाख** |
| | **वडा नं. २** | | | |
| | **आर्थिक विकास** | | | |
| १ | कृषि औजार अनुदान कार्यक्रम | २ | ५००००० | पाँच लाख |
| | **सामाजिक विकास** | | | |
| १ | अपाङ्ग भवन मर्मत, सातदोबाटो | २ | ५००००० | पाँच लाख |
| २ | खानेपानी (नयाँ र मर्मत) | २ | १०००००० | दश लाख |
| ३ | विद्यालय व्यवस्थापन अनुदान | २ | ४००००० | चार लाख |
| | **पूर्वाधार विकास** | | | |
| १ | चिलाउने चौतारा शिरिसे पानी सडक स्तरोन्नती | २ | ५००००० | पाँच लाख |
| २ | एक्ले पिपल सडक स्तरोन्नती | २ | ५००००० | पाँच लाख |
| ३ | नयाँ सडक | २ | ५००००० | पाँच लाख |
| ४ | शाखा सडक मर्मत तथा स्तरोन्नती | २ | १०००००० | दश लाख |

| | | | | |
|---|---|---|---|---|
| ५ | सिंचाइ (पोखरी, पाइप, कुलो) | २ | १००००००० | दश लाख |
| | **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| १ | भल व्यवस्थापन कार्यक्रम | २ | १००००००० | दश लाख |
| | **जम्मा** | | ६९०००००० | **उनान्सत्तरी लाख** |
| | | **वडा नं. ३** | | |
| | **सामाजिक विकास** | | | |
| १ | मैदी खड्कदेवी सप्ताह कार्यक्रम | ३ | ५०००००० | पाँच लाख |
| २ | श्री पासाङ ल्हामु आ.वि. अनुदान कार्यक्रम | ३ | १०००००० | एक लाख |
| ३ | श्री ग्याल्मा आ.वि. अनुदान कार्यक्रम | ३ | १०००००० | एक लाख |
| ४ | श्री समिभञ्याङ उच्च आ.वि. अनुदान कार्यक्रम | ३ | १०००००० | एक लाख |
| | **पूर्वाधार विकास** | | | |
| १ | दारेगौडा- तल्लो ग्याल्मा सडक स्तरउन्नती | ३ | १५०००००० | पन्ध्र लाख |
| २ | चक्रदेवी सामूदायिक भवन निर्माण | ३ | ५०००००० | पाँच लाख |
| ३ | डाँडा गाउँ सामूदायिक भवन निर्माण | ३ | ५०००००० | पाँच लाख |
| ४ | दशै शाखा बाटो मर्मत | ३ | ५०००००० | पाँच लाख |
| ५ | चिलाउने पानी चौतारा सिरिसे पानी सडक स्तरोन्नती | ३ | ५०००००० | पाँच लाख |
| ६ | सिंचाइ व्यबस्थापन | ३ | ५०००००० | पाँच लाख |
| ७ | इजारा-हटिया- मैदीकोट पक्की नाला निर्माण | ३ | ५०००००० | पाँच लाख |
| ८ | राना स्वारा-मुडुले झगरे डाँडा सडक स्तरोन्नती | ३ | १००००००० | दश लाख |
| ९ | संयूक्त चौतारा निर्माण कार्यक्रम | ३ | ५०००००० | पाँच लाख |

| | | | | |
|---|---|---|---|---|
| | **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| १ | पहिरो नियन्त्रण (तारजाली खरिद) | ३ | ५००००० | पाँच लाख |
| | **जम्मा** | | ७३००००० | **त्रिहत्तर लाख** |
| | | **वडा नं. ४** | | |
| | **सामाजिक विकास** | | | |
| १ | झाक्रे पहरे लिफ्ट खानेपानी तथा सरसफाइ कार्यक्रम | ४ | ५००००० | पाँच लाख |
| २ | तल्लो केवेंरे माथिल्लो केवेंरे सिरिसे खानेपानी तथा सरसफाइ कार्यक्रम | ४ | ५००००० | पाँच लाख |
| | **पूर्वाधार विकास** | | | |
| १ | पगुवाटार तीन खण्डे पुछार चौतारा सडक स्तरोन्नती | ४ | १०००००० | दश लाख |
| २ | बराह कालिका अर्याल गाउँ टारी सडक स्तरोन्नती | ४ | १५००००० | पन्ध्र लाख |
| ३ | रिठ्ठे गैहीं खमारी गैह्री सडक स्तरोन्नती | ४ | ५००००० | पाँच लाख |
| ४ | नयाँ बजार तीनघरे दसमुरे किन्देरी सडक स्तरोन्नती | ४ | ८००००० | आठ लाख |
| ५ | किदेरी कजवे निर्माण | ४ | ९००००० | नौ लाख |
| ६ | निबुवा स्वारा टारी सडक स्तरोन्नती | ४ | ५००००० | पाँच लाख |
| | **जम्मा** | | ६२००००० | **बैसाठ्ठी लाख** |
| | | **वडा नं. ५** | | |
| | **आर्थिक विकास** | | | |
| १ | एक घर एक टनेल - हरियो करेसाबारी कृषक प्रबर्द्धन , ठुलो पोखरी कृषी सहकारी | ५ | १०००००० | दश लाख |

| | | | | |
|---|---|---|---|---|
| २ | कृषि उपज संकलन केन्द्र - अध्यान तथा बजार ब्यवस्थापन कार्यक्रम | ५ | ५००००० | पाँच लाख |
| ३ | छघरटोल कृषि समूह –व्यवसायिक टनेल खेती | ५ | ३००००० | तीन लाख |
| ४ | शान्ति उज्यालो कृषक समुह- कृषि प्रबर्द्धन | ५ | ३००००० | तीन लाख |
| | **सामाजिक विकास** | | | |
| १ | कुसुन्डे- धुसेनी खानेपानी मर्मत | ५ | ३००००० | तीन लाख |
| २ | बुद्धिपुरे खनेपनी ब्यवस्थापन | ५ | ३००००० | तीन लाख |
| ३ | पचुवाडाडा -भार्दौरे खानेपानी एक घर एक धारा | ५ | ४००००० | चार लाख |
| ४ | लक्षित समुदाय सीप -कला, संस्कृत संरक्षण तथा क्षमता विकास | ५ | ५००००० | पाँच लाख |
| ५ | सामुदायिक भवन निर्माण - आधामारा | ५ | ३००००० | तीन लाख |
| ६ | अन्नपुर्ण स्वस्थ्य आमा समूह भवन | ५ | ३००००० | तीन लाख |
| ७ | तल्लो खाली गाउँ सामुदायिक भवन | ५ | ३००००० | तीन लाख |
| ८ | जौवारी आमा समूह भवन मर्मत | ५ | ३००००० | तीन लाख |
| ९ | बालादेवी मा.वि कम्प्युटर खरिद तथा ल्याव व्यवस्थापन | ५ | ३००००० | तीन लाख |
| | **पूर्वाधार विकास** | | | |
| १ | सडक सोलर बत्ती जडान | ५ | ३५०००० | तीन लाख पचास हजार |
| २ | अन्नपूर्ण -ठुलोचौर कृषि सडक | ५ | ३००००० | तीन लाख |
| ३ | आलेगाउ पिपलभन्ज्याङ - छागे- कासिटार सडक | ५ | ३००००० | तीन लाख |
| ४ | मिलनचोक बाजगरा सडक स्तरोन्नती | ५ | ३००००० | तीन लाख |

| | | | | |
|---|---|---|---|---|
| ५ | रातमाटा -जौबारी बाघखोला सडक स्तरोउन्नती | ५ | ३००००० | तीन लाख |
| ६ | हौसे रातमाटा - सिमलस्वाँरा सडक मर्मत | ५ | ३००००० | तीन लाख |
| | **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| १ | मैदान र राम्चे चौतारा संरक्षण | ५ | ५००००० | पाँच लाख |
| २ | देउताडाँडा मन्दिर संरक्षण | ५ | ५००००० | पाँच लाख |
| | **जम्मा** | | **७९५००००** | **उनान्असी लाख पचास हजार** |
| **वडा नं. ६** | | | | |
| | **सामाजिक विकास** | | | |
| १ | हुलाक भञ्याङ बुद्धविहार स्तरोन्नती | ६ | ६००००० | छ लाख |
| २ | श्री सुनखानी मा.वि. खेल मैदान मर्मत | ६ | ५००००० | पाँच लाख |
| | **पूर्वाधार विकास** | | | |
| १ | साँधभञ्याङ तिमल्सिना टोल गोरेटो बाटो स्तरोन्नती | ६ | ५००००० | पाँच लाख |
| २ | साँधभञ्या जौबारी पुरानो गोरेटो बाटो मर्मत | ६ | ७००००० | सात लाख |
| ३ | साँधभञ्या माथिल्लो टोल ढलान सिंढी (प्रधानमन्त्री रोजगार कार्यक्रम निर्माण सामाग्री खरिद) | ६ | ३००००० | तीन लाख |
| ४ | पल्लो देउराली धौखोला गोरेटो बाटो मर्मत | ६ | ५००००० | पाँच लाख |
| ५ | हुलाक भञ्याङ विमिरे डाँडा सडक स्तरोन्नती | ६ | ५००००० | पाँच लाख |

| | | | | |
|---|---|---|---|---|
| ६ | साधभञ्ज्याङ-देउराली-तल्लो खत्रीगाउँ-पिपलडाँडा सडक स्तरोन्नती | ६ | ५००००० | पाँच लाख |
| ७ | देउराली - काउलेडाँडा-रानागाउँ-सालवास सडक स्तरोन्नती | ६ | ७००००० | सात लाख |
| ८ | मगर बेसीगाउँ धारापनी सडक स्तरोन्नती | ६ | ५००००० | पाँच लाख |
| ९ | सालवास -भकारे सडक स्तरोन्नती | ६ | ३००००० | तीन लाख |
| १० | ढकाल गाउँ कुमाल खोला नँया सडक निर्माण | ६ | ३००००० | तीन लाख |
| ११ | डाँडा गाउँ ढालन सिंढी निर्माण (प्रधानमन्त्री रोजगार कार्यक्रम निर्माण सामाग्री खरिद) | ६ | ३००००० | तीन लाख |
| | **जम्मा** | | ६२००००० | **बैसाठ्ठी लाख** |
| | **वडा नं. ७** | | | |
| | **आर्थिक विकास** | | | |
| १ | कृषि औजार अनुदान | ७ | ५००००० | पाँच लाख |
| | **सामाजिक विकास** | | | |
| १ | महिला शिप विकास तालिम (सिंलाइ कटाइ) | ७ | ५००००० | पाँच लाख |
| | **पूर्वाधार विकास** | | | |
| १ | ज्यामिरे ढोडेली सामूदायिक भवन ( चर्च घर निर्माण) | ७ | १५००००० | पन्ध्र लाख |
| २ | धारापानी अंधेरी कृषि सडक मर्मत ग्राभेल | ७ | ५००००० | पाँच लाख |
| ३ | धारापानी कटुसघारी पिकनिक स्पोर्स निर्माण | ७ | ३००००० | तीन लाख |
| ४ | खौराल चौतारा देखि बाङ्गेरह सम्म सिंढि निर्माण | ७ | ५००००० | पाँच लाख |

| | | | | |
|---|---|---|---|---|
| ५ | माथिल्लो रामपुर सिंढि निर्माण ( कुवा देउराली, ठूलो पिपल ढोडेनी र कडेंल डाँडा ठूलोपाटो | ७ | १०००००० | दश लाख |
| ६ | गैरापाटा देखि बाँसचौर सिंढी निर्माण तल्लो रामपुर | ७ | ३००००० | तीन लाख |
| ७ | साना किसान कृषि सहकारी संस्था लि. घेराबार | ७ | ३००००० | तीन लाख |
| ८ | लामा गह्रादेखि गैरा हुँदै दुवार सम्म बाटो निर्माण तल्लो रामपुर | ७ | ३००००० | तीन लाख |
| ९ | बोरा डाँडा बाट चापाको बोटसम्म सिंढि निर्माण | ७ | ३००००० | तीन लाख |
| १० | धारापानी सालवास मा.वि. हुँदै वडा कार्यालय सडक ग्राभेल | ७ | ५००००० | पाँच लाख |
| ११ | गैरिपाटा देखि ढोडेनी एकलटार बाटो ग्राभेल | ७ | ५००००० | पाँच लाख |
| १२ | गल्ली मुनी देखि मनटार जोड्ने बाटो मर्मत ग्राभेल | ७ | ३००००० | तीन लाख |
| | **जम्मा** | | **७३०००००** | **त्रिहत्तर लाख** |
| | **कुल जम्मा** | | **४८७५००००** | **चार करोड सतासी लाख पचास हजार** |

**संघीय तथा प्रादेशिक सरकारबाट विनियोजित बजेट तर्फ:-**

- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालनार्थ **रु २१ करोड ५२ लाख** साथै प्रदेश सरकार बाट हस्तान्तरीत कार्यक्रम संचालनार्थ **रु ५ करोड ५८ लाख ४३ हजार** बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न **रु ५५**

**करोड ८८ लाख ६३ हजार ५ सय** बराबरको बजेट विनियोजन गरेको छु।

कुल विनियोजन मध्ये आन्तरिक आम्दानी, राजश्व बाँडफाँड र वित्तिय समानिकरणबाट प्राप्त अनुदान बाट **रु. ११ करोड ३ लाख** जुन कुल बजेटको १९.७३ प्रतिशत हुन्छ उक्त रकम चालु खर्च साथै कार्यालय व्यवस्थापन तर्फ, बाँकी **रु. ४४ करोड ८५ लाख ६३ हजार ५ सय** जुन कुल बजेटको ८०.२७ प्रतिशत हुन्छ , उक्त रकम सशर्त कार्यक्रम तथा पूँजीगत खर्च अन्तर्गत खर्च हुने अनुमान गरेको छु ।

आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक आम्दानी बाट **रु. २ करोड २० लाख ४२ हजार ५ सय**, संघ तथा प्रदेशको राजस्व बाँडफाँडबाट प्राप्त हुने **रु. १० करोड ५२ लाख ५८ हजार,** त्यसै गरी संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट **रु. १४ करोड ६३ लाख** र सर्शत अनुदानबाट **रु. २० करोड ८२ लाख**, विषेश अनुदान बाट **रु ७० लाख** प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट **रु. १ करोड ४२ लाख २० हजार**, सर्शत अनुदानबाट **रु. २ करोड ५८ लाख ६८ हजार** र समपुरक अनुदान बाट **रु २ करोड ९९ लाख ७५** हजार हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय-व्ययको अनुमान अनुसुचीमा उल्लेख गरेको छु ।

प्रस्तुत भएको आगामी आ.व. २०७९/०८० को बजेट कार्यान्वयन बाट कोरोना लगायत सबै प्रकारका अन्य रोगहरुबाट नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृढ र सवल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, रोजगारीको अवसर सृजना हुने, सबै नागरीकले सामाजिक सुरक्षा एंवम संरक्षण प्राप्त गर्ने साथै न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।

आगामी आ.व मा तत्काल प्रतिफल दिने गरि खानेपानी सडक जस्ता भौतिक पुर्वाधार आयोजनाको निर्माण कार्य अघी बढ्नुका साथै सम्पन्न हुने अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, कर्मचारी मित्रहरु गाउसभाका सदस्यज्यूहरु, राजनीतिक दल, विषयगत समितिका पदाधिकारी, नागरिक समाज, विद्धत वर्ग लगायत प्रत्यक्ष वा

अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहान्छु ।बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

अन्त्यमा, गाउँपालिका भित्र र बाहिर रहनु भएका गाउँपालिका बासी सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईलाई समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आव्हान गर्दछु ।

**धन्यवाद !!!**

**धर्म बहादुर अर्याल**

**उपाध्यक्ष ज्वालामुखी गाउँपालिका**

**जय ज्वालामुखी !!!**

अनुसुचीः- १

आय व्यय अनुमान

आ.व २०७९/०८०

रु ह्जारमा

| सकेत न | खर्च शिर्षक | आ व २०७९/०८० को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| | | | | संघिय सरकार | प्रदेश सरकार |
| चालु खर्च | | | | | |
| १००१ | पदाधिकारी सुविधा | ७,००० | | | ७,००० |
| १००२ | प्रोत्साहन तथा पुरस्कार | २,२०० | २,२०० | | |
| १००३ | कर्मचारी पारिश्रमिक | १५,००० | | १५,००० | |
| १००४ | महंगी भत्ता | १,२०० | | १,२०० | |
| १००५ | स्थानीय भत्ता | ५०० | | ५०० | |
| १००६ | प्राविधिक कर्मचारी फिल्ड भत्ता | १,००० | १,००० | | |
| १००७ | पदाधिकारी तथा कर्मचारी बैठक भत्ता | ४,००० | ४,००० | | |
| १००८ | सार्वजनीक सुनुवाइ | १,५०० | | १,५०० | |
| १००९ | पोशाक कर्मचारी | ८०० | | ८०० | |
| १०१० | सवारी साधन मर्मत | ४,००० | | ४,००० | |
| १०११ | विमा तथा नविकरण खर्च | ७०० | | ७०० | |
| १०१२ | सन्चार महसुल | २,००० | | | २,००० |
| १०१३ | मेशीनरी तथा औजार मर्मत तथा सचालन खर्च | १,५०० | | | १,५०० |
| १०१४ | धारा बिजुली | ५०० | | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०१५ | कार्यालय सन्चालन सम्वन्धि खर्च छपाइ समेत | ६,५०० | | ६,५०० | |
| १०१६ | इन्धन अन्य प्रयोजन | १०० | | १०० | |
| १०१७ | अन्य भाडा | ८०० | ८०० | | |
| १०१८ | घर भाडा | २,००० | | २,००० | |
| १०१९ | इन्धन | ५,००० | | ५,००० | |
| १०२० | सेवा परामर्श | ८,००० | | ८,००० | |
| १०२१ | विविध खर्च | ४,५०० | | ४,५०० | |
| १०२२ | तार व्यवस्थापन टुल्स तथा सुचना प्रणाली सफ्टवयेर संचालन | ३,५०० | | | ३,५०० |
| १०२३ | सभा संचालन खर्च | ७०० | | ७०० | |
| १०२४ | भ्रमण तथा अनुगमन मुल्याकन खर्च | ४,००० | | ४,००० | |
| १०२५ | अन्य शेवा शुल्क | १६,००० | | १६,००० | |
| १०२६ | सुचना प्रकाशन | २,००० | | २,००० | |
| १०२७ | सरुवा भ्रमण खर्च | १०० | | १०० | |
| १०२८ | कर्मचारी तथा पदाधिकारी क्षमता विकास तालिम | १,५०० | | १,५०० | |
| १०२९ | सीप विकास तालिम | १,५०० | | १,५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०३० | अन्य कार्यक्रम तथा अतिथि सत्कार खर्च | ७०० | | ७०० | |
| १०३१ | कर्मचारी कल्याण कोष | १,००० | १,००० | | |
| | | ९९,८०० | ९,००० | ७६,८०० | १४,००० |
| २००१ | गाँउपालिका स्तरीय योजना | १३६,०२०।५० | १३,०४२।५० | १२२,९७८।०० | |
| २००२ | सवारी साधन खरिद | ३,५०० | | ३,५०० | |
| २००३ | फर्निचर तथा फिक्चरर्स | ४,००० | | ४,००० | |
| २००४ | मेशिनरी औजार | ३,००० | | ३,००० | |
| २००५ | कार्यक्रम खर्च वडागत | ४१,५०० | | २५,२४३ | १६,२५७ |
| २००६ | सशर्त अनुदान | २३४,०६८ | | २०८,२०० | २५,८६८ |
| २००७ | समपुरक अनुदान | २९,९७५ | | | २९,९७५ |
| २००८ | विषेश अनुदान | ७,००० | | ७,००० | |
| **पुजिगत जम्मा** | | ४५९,०६३।५० | १३,०४२।५० | ३७३९२१।०० | ७२,१०० |
| **चालु खर्च जम्मा** | | ९९,८००।०० | ९,००० | ७६,८०० | १४,००० |
| **कुल जम्मा** | | ५५८,८६३।५० | २२०४२।५० | ४५०७२१।०० | ८६१०० ।०० |